पारलैङ्गिक अधिकार समूह
Trans Rights Collective (TRC)
यिगामि वां खलः

A loose network of young trans men & trans women, based in Nepal since 27 Sept. 2020 [transrightscollective@gmail.com]

L.N – 003/2021

नेपाल संवत् ११४१/१२/०७

मिति २०७८ असोज ९

जो जसलाई सम्बन्धित छ ।

उपरोक्त सम्बन्धमा Asia Pacific Transgender Network अन्तरगतको Fellowship कार्यक्रमबाट अधिकारकर्मी रुक्शना कपाली, एलिन भण्डारी र अधिवक्ता सुबिन मुल्मीको सहजीकरणमा नेपालमा आयोजित कार्यक्रमहरूमा सहभागी भई यस समूह समेतको संलग्नतामा ***लैङ्गिक पहिचान सम्बन्धी मस्यौदा विधेयक, २०७८*** निर्माण भएको हो ।

हामी पारलैङ्गिक अधिकार समूह (Trans Rights Collective) सन् २०२० मा गठन भएका युवा पारलैङ्गिक महिला (Trans woman) तथा पारलैङ्गिक पुरुष (Trans man) हरूको समूह हौँ । हामी सार्वजनिक कार्यक्रम तथा वक्तव्यहरू मार्फत् पारलैङ्गिक व्यक्तिहरूको हक अधिकारका निम्ति आवाज उठाउँछौँ ।

संविधान प्रदत्त हक अधिकार, सर्वोच्च अदालतद्वारा प्रतिपादित नजीर सिद्धान्त एवं अन्तर्राष्ट्रिय कानून बमोजिम नेपालका सम्बन्धित समुदायको लैङ्गिक पहिचान सहितको कानूनी अधिकार सुरक्षार्थः परिकल्पना गरिएको ***लैङ्गिक पहिचान सम्बन्धी मस्यौदा विधेयक, २०७८ : नागरिक समाजको प्रस्ताव (आइएसबिएन 978-9937-0-9592-1)*** पुस्तकमा उल्लेख लैङ्गिक पहिचान सम्बन्धी मस्यौदा विधेयक, २०७८ लाई कानूनको मूर्त रूप दिन हामी सम्बन्धित निकायमा निवेदनार्थः छौँ ।

हामी,

आरोन थापा (He/Him) काभ्रे, आयान थपलिया (He/Him) पाल्पा, सगुन थापा (He/Him) बागलुङ, नूर के.सी. (She/Her) कास्की ।